# Madhesh Agricultural University

# मधेश कृषि विश्वविद्यालय

राजविराज, सप्तरी, मधेश प्रदेश, नेपाल


## कृषि स्नातक (B. Sc. Ag. Hons.) तहमा विद्यार्थी भर्नाको पुनः प्रवेश परीक्षा सम्बन्धी सूचना

प्रकाशित मिति: २०८२/०९/२९

शैक्षिक सत्र २०८२/०८३ को लागि मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी अन्तर्गत कृषि संकायमा ४ वर्षे कृषि स्नातक (B.Sc. Ag. Hons.) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले मिति २०८२/०९/३० गतेबाट Online आवेदन दिन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदकले Online आवेदन फारामको साथ आफ्नो **शैक्षिक योग्यताको सम्पूर्ण पत्र र नागरिकताको प्रमाणपत्र** पेश गर्नु पर्नेछ । विभिन्न कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्बन्धित **कोटाहरुको प्रमाणपत्र** वा **सिफारिश पत्र** Scan गरी हालसालै खिचेको **दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति संलग्न गर्नु पर्नेछ** । नेपाल बाहेक अन्य विदेशी संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा **समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र** पेश गर्नु पर्नेछ ।

**१) Online आवेदन प्रकिया :**

आवेदन फाराम आवेदक स्वयंले http://entrance.mau.edu.np/ मा Online बाट मात्र भर्न सकिनेछ । आवेदनमा समावेश गरिएका कागजात तथा जानकारीहरु झुठो वा अपुग भएमा अयोग्य हुनेछ र कानून बमोजिम कार्वाही हुनेछ ।

**२) आवश्यक न्युनतम शैक्षिक योग्यता :**

क) भर्नालिन आवेदन दिने विद्यार्थीले SEE वा सो सरहको परीक्षामा कम्तीमा **द्वितीय श्रेणी वा 'C' Grade मा उत्तीर्ण** भई आई.एस्सी (विज्ञान, कृषि, पशु, वन) वा १०+२ विज्ञान वा १०+२ (कृषि वा सो सरहको तहमा) अंग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान र गणित विषय अध्ययन गरी कूल प्राप्ताङ्कको कम्तीमा ५०% (पचास प्रतिशत) अंक Letter Grading System अन्तर्गत भए Aggregate मा **'C' CGPA/GPA 2.0 प्राप्त गरी** उर्तिण भएको हुनु पर्नेछ । १०+२ कृषि विज्ञान विषय अध्ययन गरेको हकमा Transcript मा **गणित विषयको Mark उल्लेख नभए गणित विषय पढेको थप मार्कसिट pdf बनाई upload** गर्नु पर्नेछ । थप मार्कसिटमा प्रतिशत भए ५०% र Letter Grading भए 'C+' GPA 2.4 हुनु पर्नेछ ।

(ख) १०+२ को Aggregate Transcript नभई कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ । कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्कसिट पनि सोही Transcript सहित pdf बनाई upload गर्नु पर्नेछ ।

(ग) **योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ** र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

**३) आवेदन र परीक्षाको शुल्क :**

प्रवेश परीक्षा शुल्क रु. २,000।-(दुई हजार) मात्र Online माध्यमबाट बुझाउँन सकिनेछ । मधेश कृषि विश्वविद्यालयको वेबसाइट http://entrance.mau.edu.np/ मा गएर Online payment बटनमा click गरेपछि **e-sewa वा Khalti** बाट मात्र शुल्क भुक्तानी गर्न सकिनेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने **भौचर कोड** प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ ।

**४) आवेदन दिने मिति र समय :**

मिति २०८२/०९/३० गते देखि २०८२/१०/१५ गते राती १२:०० बजेसम्म चौबिसै घण्टा Online आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा कार्यालय समयभित्र mausaptari@gmail.com वा टेलिफोन नं. ०३१-५९०५५५ मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।

: Dean

**५) प्रवेश पत्र वितरण :**

Online आवेदन फारम भर्ने म्याद सके पश्चात् सूचना प्रकाशित मितिमा Online विधिद्वारा प्रवेशपत्र Download गरी लिन सकिनेछ । आवेदकले कुनै पनि browser खोली http://entrance.mau.edu.np/ type गरी, check your status मा click गरी आफ्नो information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा Colour print गरी लिनुपर्नेछ ।

**६) प्रश्नपत्र तथा परीक्षा सम्वन्धी जानकारी :**

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ का तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का जम्मा १०० वटा प्रश्नहरु हुनेछन् । परीक्षाको समय १ घंटा ३० मिनेट हुने छ ।

**प्रश्नपत्रको विषय अनुसारका प्रश्न सख्या अंकमारको तालिका :**

| क.स. | विषय | प्रश्न संख्या र अंकभार |
|---|---|---|
| १ | अंग्रेजी | १५ |
| २ | केमेष्ट्री | १० |
| ३ | फिजिक्स | १० |
| ४ | गणित | १० |
| ५ | जुलोजी | १५ |
| ६ | वोटानी | १५ |
| ७ | कृषि | १५ |
| ८ | समान्य ज्ञान | १० |

Online आवेदन फारम भर्ने म्याद सके पश्चात प्रवेश परीक्षाको मिति र परीक्षा केन्द्र मधेश कृषि विश्वविद्यालय, कृषि संकाय, राजविराज, सप्तरीले निर्धारण गर्ने छ र www.mau.edu.np मार्फत जानकारी गराइने छ।

**७) भर्नाको आधार तथा नतीजा प्रकाशन :**

प्रवेश परीक्षाको प्राप्ताङ्क १००% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यताक्रम (Merit order List) को सूचि तयार गरी नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४०% हुनेछ । अङ्क बराबर भएमा क्रमशः I. Sc./10+2 कुल प्राप्ताङ्क (CGPA) र क्रमशः SEE/SLC बोटानी, जुलोजी, केमेष्ट्री, फिजिक्स, गणितमा प्राप्त अङ्कलाई आधार लिईने छ । नतीजा तथा योग्यताक्रम प्रकाशन सम्बन्धी सूचना विश्वविद्यालयको वेबसाईटमा पनि राखिने छ । साथै विश्वविद्यालय वा संकाय वा भर्ना समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**८) कोटा वर्गीकरण :**

प्रवेश परीक्षामा उत्तिर्ण हुने परीक्षार्थीहरु योग्यताक्रम अनुसार दलित, आदिवासी जनजाति, मुस्लिम, आर्थिक रुपमा विपन्न खसआर्य, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, स्टाफ गरी जम्मा ८ जना तथा विश्वविद्यालय र कलेज विकास कोष (UDF/CDF) कोटामा १ जना स्थानीय सहित जम्मा १८ जना गरी कुल २६ जना विद्यार्थीहरुको लागि निम्नसंख्या निर्धारण गरिएको छ ।

| क.स. | कोटा विवरण | संख्या | नि:शुल्क | अर्ध शुल्कीय | पूर्ण शुल्कीय |
|---|---|---|---|---|---|
| १ | दलित | १ | - | १ | - |
| २ | आदिवासी जनजाति | १ | - | १ | - |
| ३ | मुस्लिम | १ | - | १ | - |
| ४ | आर्थिक रुपमा विपन्न खसआर्य | १ | - | १ | - |
| ५ | अपाङ्ग | १ | - | १ | - |
| ६ | शहिद परिवार | १ | - | १ | - |
| ७ | द्वन्द पिडित | १ | - | १ | - |
| ८ | स्टाफ कोटा (कर्मचारी) | १ | - | १ | - |
| ९ | स्थानिय कोटा (राजविराज न.पा.) | १ | - | - | १ |
| १० | पूर्ण शुल्क UDF/CDF | १७ | - | - | १७ |
| | कुल | २६ | | ८ | १८ |

Dean



CamScanner

# Madhesh Agricultural University

# मधेश कृषि विश्वविद्यालय

राजविराज न.पा.-३, मधेश प्रदेश, नेपाल

कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि नियमानुसार तपशिल वमोजिमका सम्वन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसार प्रमाणपत्र वा सिफारिश पत्र Online बाट नै आवेदन दिनुपर्नेछ अन्यथा त्यस्ता निवेदन उपर कुनै कारवाही हुने छैन । सबै कोटाहरुमा प्रवेश परीक्षाको कमाइ तथा योग्यता अनुसार भर्ना लिइनेछ ।

**तपशिल:**

क) **दलित कोटा:** राष्ट्रिय दलित आयोग र स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित प्रमाण पत्र ।

ख) **आदीवासी जनजाती कोटा:** आदिवासी जनजाती राष्ट्रिय महासंघमा सूचिकृत जाति वा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रमाण पत्र ।

ग) **मुस्लिम कोटा:** राष्ट्रिय मुस्लिम आयोग र स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित प्रमाण पत्र ।

घ) **आर्थिक रुपमा विपन्न खसआर्य :** सम्वन्धित निकाय वा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित प्रमाण पत्र ।

ङ) **अपाङ्ग कोटा:** महिला वालवालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय र स्थानीय निकायवाट प्रमाणित प्रमाण पत्र ।

च) **शहिद परिवार कोटा:** आवेदकको नाता (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) **द्वन्द पिडित परिवार कोटा:** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

ज) **स्टाफ कोटा:** सम्वन्धित शिक्षक र कर्मचारी र आवेदकको नाता खुलेका (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यरत निकाय प्रमुखको सिफारिस ।

झ) **स्थानीय कोटा:** विश्वविद्यालयको कृषि संकाय अन्तर्गत संचालित महाविद्यालय अवस्थित स्थानको स्थानीय तह राजविराज न.पा.मा स्थानीय रुपमा वसोवास रहेको सिफारिश पत्र ।

९) थप जानकारीहरु यस विश्वविद्यालयको सूचना पाटी वा www.mau.edu.np, वा https://www.facebook.com/maurajbiraj बाट वा टेलिफोन नं. ०३१-५९०५५५/५९०५५७ मा फोन गरी सूचना प्राप्त गर्न सकिनेछ ।

(डीन)
Dean



CamScanner